आज मिति २०८० साल पौष महिनाको १५ गते शनिवारका दिन यस बेसिशहर नगरपालिका नगर कार्यपालिकाका नगर प्रमुख श्री गुमान सिंह अर्याल ज्यूको अध्यक्षतामा यस बेसिशहर नगरपालिकाको विभिन्न विषयमा छलफल गर्नका लागी नगर कार्यपालिकाको "तिसौं" बैठक बसी तपसिल बमोजिमको उपस्थितिमा तपसिल बमोजिमको छलफल एवं निर्णय गरियो ।

## उपस्थिति :–

| | | | |
|---|---|---|---|
| १, | नगर-प्रमुख | | श्री गुमान सिंह अर्याल |
| २, | उप-प्रमुख | | श्री पद्मा गुरुङ |
| ३, | प्र. प्र. अधिकृत | | श्री चेतनाथ अर्याल |
| ४, | वडा अध्यक्ष | (१) | श्री दुर्गा बहादुर बुढाथोकी |
| ५, | –"– | (२) | श्री मदन बहादुर राना |
| ६, | –"– | (३) | श्री चित्र बहादुर दर्नाई |
| ७, | –"– | (४) | श्री राम बहादुर गुरुङ |
| ८, | –"– | (५) | श्री इन्द्र बहादुर गुरुङ |
| ९, | –"– | (६) | श्री प्रकाश थापा |
| १०, | –"– | (७) | श्री ऋषिराम बस्नेत |
| ११, | –"– | (८) | श्री पवित्रा थापा राना |
| १२, | –"– | (९) | श्री खुशि जङ गुरुङ |
| १३, | –"– | (१०) | श्री गंगा बहादुर थापा |
| १४, | –"– | (११) | श्री शिव प्रसाद जोशी |
| १५, | कार्यपालिका सदस्य | | श्री हिरालाल विश्वकर्मा |
| १६, | –"– | | श्री श्रीनाथ दुलाल |
| १७, | –"– | | श्री कल्पना थापा वोहरा |
| १८, | –"– | | श्री विमला न्यौपाने अधिकारी |
| १९, | –"– | | श्री सुक माया गुरुङ |
| २०, | –"– | | श्री सुकमाया घर्ति |
| २१, | –"– | | श्री मनिला परियार |

### सहजकर्ता कर्मचारी

अधिकृत - श्री शम्भु प्रसाद घिमिरे

का. अधिकृत - श्री मेघेन्द्र पोखरेल

अधिकृत - श्री गोविन्द बहादुर राउत

ले. अ. - श्री अमर कुमार श्रेष्ठ

गुमान सिंह अर्याल
नगर प्रमुख

बेसीशहर नगर कार्यपालिकाको मिति २०८०/०९/१५ गतेको बैठक

**बेसीशहर नगर कार्यपालिकाको कार्यालय**
**लमजुङ, गण्डकी प्रदेश, नेपाल**

**नगर कार्यपालिकाको मिति २०८०/०९/१५ गतेको बैठकका प्रस्तावहरु**

१. अघिल्लो बैठकका निर्णयहरुको समीक्षा सम्बन्धमा।

२. नगरसभाको कार्यसूचीमा रहेका विषयहरुको सम्बन्धमा

- प्रगति प्रतिवेदन सम्बन्धमा ।
- संशोधित कार्यक्रम सम्बन्धमा ।
- कानून संशोधन सम्बन्धमा ।
- कार्यविधि स्वीकृत सम्बन्धमा ।
- लेखा परीक्षण प्रतिवेदनले औंल्याएका बेरुजु सम्बन्धमा ।
- नगरसभामा लैजाने समसामयिक विषयका सम्बन्धमा ।

३. वडास्तरीय योजना/कार्यक्रम संशोधन सम्बन्धमा । (वडा नं २,)

४. भेटेरीनरीतर्फको हरियो घाँस विस्तार कार्यक्रमको सम्बन्धमा ।

५. दीर्घरोगीहरुको औषधी उपचार खर्च सम्बन्धमा ।

६. विविध

- बेसीशहर खानेपानी उपभोक्ता समितिको सम्बन्धमा ।
- मानसिक स्वास्थ्य शिविरको विज्ञ सेवा सम्बन्धमा ।

**बैठकबाट पारित निर्णयहरु**

**निर्णय नं १ : अघिल्लो बैठकका निर्णयहरुको समीक्षा सम्बन्धमा ।**

मिति २०८०/०८/२७ गतेको नगर कार्यपालिका बैठकले गरेका निर्णयहरुको कार्यान्वयनको अवस्था बारे यस बैठकमा समीक्षा गरियो ।

**निर्णय नं २ : नगरसभामा पेश गर्ने प्रगति प्रतिवेदन सम्बन्धमा ।**

मिति २०८०/०९/१७ गतेको लागि आह्वान गरिएको बेसीशहर नगरपालिकाको नगरसभाको चौधौं अधिवेशनको पहिलो बैठकमा पेश गर्ने चालु आर्थिक बर्ष २०८०/०८१ को हालसम्मको प्रगति प्रतिवेदन तयार गर्न कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं ३ : संशोधन भएका योजना/कार्यक्रमहरुको सम्बन्धमा ।**

तेह्रौं नगरसभाबाट पारित भई कार्यपालिका बैठकबाट ब्रेक डाउन/एकिकरण तथा संशोधन भएका वडास्तरीय तथा नगरस्तरीय योजना/कार्यक्रमहरु अनुमोदनका लागि नगरसभाको चौधौं अधिवेशन समक्ष पेश गर्ने निर्णय गरियो ।

बेसीशहर नगर कार्यपालिकाको मिति २०८०/०९/१५ गतेको बैठक

**निर्णय नं ४ : कानून संशोधन सम्बन्धमा ।**

बेसीशहर नगरपालिकाको विभिन्न मितिका नगरसभा/कार्यपालिका बैठकबाट स्वीकृत भई राजपत्रमा प्रकाशन गरिएका ऐन, नियम, कार्यविधि, निर्देशिकामा आवश्यक संशोधन गर्ने सम्बन्धमा कानून संशोधन समितिले तयार पारेको मस्यौदा समेतका आधारमा यस कार्यपालिका बैठकमा छलफल भई संशोधनको लागि नगरसभा समक्ष पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं ५ : कार्यविधि स्वीकृत सम्बन्धमा ।**

बेसीशहर नगरपालिकाको लागि आवश्यक पर्ने लेखा समिति गठन तथा कार्यसञ्चालन कार्यविधि, महिला सञ्जाल गठन तथा सञ्चालन कार्यविधि लगायतका अन्य कार्यविधिको मस्यौदा स्वीकृतिका लागि नगरसभा समक्ष पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं ६ : लेखा परीक्षण प्रतिवेदनले औंल्याएका बेरुजु सम्बन्धमा ।**

महालेखा परीक्षकको कार्यालयबाट हुने अन्तिम लेखा परीक्षणको प्रतिवेदनले औंल्याएका आर्थिक बर्ष २०७५/०७६ देखि २०७८/०७९ सम्मका नियमित गर्नुपर्ने बेरुजुहरुको सम्बन्धमा लेखा समितिमा छलफल भै सो समितिबाट प्राप्त मस्यौदाउपर यस कार्यपालिका बैठकमा छलफल भई उक्त बेरुजु नियमित गर्नको लागि नगरसभा समक्ष पेश गर्ने निर्णय गरियो।

**निर्णय नं ७ : नगरसभामा लैजाने समसामयिक बिषयका सम्बन्धमा ।**

चौधौं नगरसभा अधिवेशनमा छलफल गरी आवश्यक निर्णयमा पुग्नुपर्ने केही समसामयिक बिषय भए कार्यपालिकाका सवै सदस्यहरुले २०८०/०९/१७ गते सम्ममा नगरप्रमुख समक्ष पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं ८ : वडास्तरीय योजना/कार्यक्रम ब्रेक डाउन सम्बन्धमा ।**

चालु आ.व. २०८०/०८१ का देहायका वडास्तरीय योजना तथा कार्यक्रमलाई देहाय अनुसार ब्रेक डाउन/संशोधन गर्ने निर्णय गरियो ।

**देहाय**

| साविक योजना/कार्यक्रम | बजेट रु. | संशोधित योजना/कार्यक्रम | बजेट रु. |
|---|---|---|---|
| १.विद्यालय डिजिटल शिक्षण सिकाई प्रणाली व्यवस्थापन, पूर्वाधार सुधार तथा शिक्षक क्षमता अभिबृद्धि कार्यक्रम, बेनपा २ | ६००००० | १.लमजुङ मा.वि.हिरक जयन्ती कार्यक्रम सहयोग, बेनपा ३ | २०००० |
| २.वडा महिला र बालक्लव सञ्जाल परिचालन, महिला व्यवसायिकता र उद्यमशिलता प्रवर्द्धन कार्यक्रम, बालमैत्री वडा घोषणा र जेष्ठ नागरिक कार्यक्रम, बेनपा २ | ३६५००० | २.जेष्ठ नागरिक हेरचाहकर्ता प्रोत्साहन/सम्मान कार्यक्रम, बेनपा २ | २०००० |
| ३.दलित लक्षित तथा आर्थिक सशक्तिकरण र अन्य फुटकर कार्यक्रम, बेनपा २ | ५००००० | ३.वडा प्रोफाइल र आवधिक योजना सार्वजनिकीकरण कार्यक्रम व्यवस्थापन, बेनपा २ | २५००० |

बेसीशहर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बेसीशहर, लमजुङ
गण्डकी प्रदेश, नेपाल
२०७३

बेसीशहर नगर कार्यपालिकाको मिति २०८०/०९/१५ गतेको बैठक

**निर्णय नं ९ : भेटेरीनरीतर्फको हरियो घाँस विस्तार कार्यक्रमको सम्बन्धमा ।**

चालु आ.व.को सशर्त अनुदान अन्तर्गत पशुसेवातर्फको हरियो घाँस विस्तार कार्यक्रम कार्यान्वयनको सन्दर्भमा छलफल हुँदा संघीय कृषि तथा पशुपंक्षी विकास मन्त्रालयले जारी गरेको "प्रदेश तथा स्थानीय तहमा सशर्त वित्तिय हस्तान्तरित पशुपंक्षी तथा मत्स्य विकास कार्यक्रम सञ्चालन कार्यविधि २०८०" अनुसार न्यूनतम तीन रोपनी जग्गामा बहुबर्षे घाँसखेती वा डालेघाँस खेती गरेका कृषकहरुलाई प्रति रोपनी रु.३०००/- का दरले अनुदान रकम उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं १० : दीर्घरोगीहरुको औषधी उपचार खर्च सम्बन्धमा ।**

नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले जारी गरेको "मृगौला प्रत्यारोपण गरेका, डायलाइसिस गरिरहेका, क्यान्सर रोगी, र मेरुदण्ड पक्षघातका विरामीहरुलाई औषधी उपचार वापत खर्च उपलब्ध गराउने सम्बन्धी कार्यविधि, २०७८" वमोजिमको मापदण्ड भित्र पर्ने विरामीहरुलाई चालु आ.व. को दोश्रो त्रैमासीक औषधी उपचार खर्च साविककै शिर्षकबाट उपलब्ध गराउने र संघीय सरकारबाट शोधभर्ना माग गर्ने निर्णय गरियो ।

**निर्णय नं ११ : बेसीशहर खानेपानी उपभोक्ता समितिको सम्बन्धमा ।**

बेसीशहर खानेपानी उपभोक्ता समितिको साधारणसभा लामो समयसम्म हुन नसकेकोतर्फ यस कार्यपालिका बैठकमा छलफल हुँदा विगत धेरै बर्षदेखि संस्थाको साधारण सभा नहुँदा संस्थाको संस्थागत विकास, नेतृत्व चयन, आम्दानी खर्च अनुमोदन, कार्ययोजना र प्रगति प्रतिवेदनको पारदर्शिता जस्ता महत्वपूर्ण कुराहरु अवरुद्ध हुन गएकोले यस सम्बन्धमा अध्ययन गरी कार्यपालिकामा प्रतिवेदन पेश गर्न देहाय वमोजिमको समिति गठन गर्ने निर्णय गरियो ।

**देहाय**

| | |
|---|---|
| १.नगर उपप्रमुख | - संयोजक |
| २.सामाजिक विकास समितिको संयोजक | - सदस्य |
| ३.वडा नं ७,८ र १० का वडाध्यक्षहरु | - सदस्य |
| ४. श्री कल्पना थापा, कार्यपालिका सदस्य | - सदस्य |
| ५. खानेपानी हेर्ने नगरपालिकाको प्राविधिक | - सदस्य सचिव |

**निर्णय नं १२ : मानसिक स्वास्थ्य शिविरको विज्ञ सेवा सम्बन्धमा ।**

बेसीशहर नगरपालिकाको आयोजनामा मिति २०८०/०९/०७ मा सञ्चालित मानसिक स्वास्थ्य समस्या भएका विरामीहरु लक्षित स्वास्थ्य परीक्षण शिविरमा खटिएका चिकित्सकलाई विशेषज्ञ सेवा प्रदान गरे वापत कर सहित रु. ३० हजार भत्ता उपलब्ध गराउने गरी गरिएको सम्झौतालाई अनुमोदन गर्ने निर्णय गरियो ।

गुमान सिंह अर्याल
नगर प्रमुख